# गरुडा नगरपालिका कर्मचारी छनौट समिति

# गरुडा नगरपालिका,

# गरुडा, रौतहट, मधेश प्रदेश

**गरुडा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (४) र (५) बमोजिम नगरपालिकाको कार्यालयमा कृषि सेवा समूहमा प्राविधिक चौथो तह कर्मचारी छनौटको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम ।**

क. कृषि सेवा समूह पाठ्यक्रमको रुपरेखा : यस पाठ्यक्रमको आधारमा निम्नानुसार चरणमा परीक्षा लिइने छ :

**प्रथम चरण** :लिखित परीक्षा पूर्णाङ्क : १००

**द्वितिय चरण** :अन्तर्वार्ता पूर्णाङ्क : २५

**प्रथम चरण**

| विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या×अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा क्षेत्र सँग सम्बन्धित ७०% र सामान्य ज्ञान ३०% | १०० | ५० | वस्तुगत बहुवैकल्पिक | ५० प्रश्न×२ अङ्क | ६० मिनेट |

**द्वितिय चरण**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २५ | मौखिक |

द्रष्टव्य :

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. लिखित परीक्षामा यथा सम्भव निम्नानुसार प्रश्नहरु सोधिने छ ।

| पाठ्यक्रमका एकाइ | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | १५ | ८ | ५ | ७ | ५ | ५ | ५ |

३. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको विज्ञापन हुँदाका बखत (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

५. उम्मेदवारले प्रथम चरण र द्वितीय चरणमा प्राप्त गरेको प्राप्ताङ्कहरु जोडी कूल अङ्कको आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

६. पाठ्यक्रम लागू मिति : २०८१।०४।०७

गरुडा नगरपालिका स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फ कृषि सेवा समूह चौथो तहमा खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पत्र/विषय : कृषि सेवा सम्बन्धी

१. कृषि सम्बन्धी सामान्य ज्ञान :

१.१ नेपालको संविधानमा कृषि तथा खाद्य सुरक्षा सम्वन्धी व्यवस्था
१.२ निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा कर्मचारीको आचरण, विदा र सजायसम्वन्धी व्यवस्था
१.३ राष्ट्रिय कृषि नीति, २०६१
१.४ चालू योजनामा कृषि क्षेत्रको प्राथमिकता, लक्ष्य, उद्देश्य, कार्यक्रम एवं कार्यान्वयन रणनीति तथा प्रादेशिक आवधिकयोजनामा कृषि तथा खाद्य सुरक्षा सम्वन्धी व्यवस्था
१.५ कृषि विकास रणनीति २०१५-२०३५ र यसका प्रमुख विशेषताहरु
१.६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको कृषि तथा कृषि प्रसार सम्बन्धी व्यवस्था
१.७ गरुडा नगरपालिकाबाट जारी भएका कृषि तथा कृषि उपज, कृषि कृषि प्रसार सम्बन्धी ऐन, नियम र निर्णयहरु
१.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको संस्थागत संरचना र भूमिका
१.९ प्रदेश र स्थानीय स्तरमा कृषि विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याकन
१.१० कृषि उत्पादन सामग्रीहरु (बीउ बिजन, बेनी, मल, सिँचाइ, कृषि यन्त्र र उपकरण, रासायनिक र जैविक विषादि,सूक्ष्म खाद्य तत्व तथा हर्मोन) को सामान्य जानकारी
१.११ कृषि विकासमा सरकारी, सहकारी, निजी क्षेत्र तथा महिला एवं युवाहरुको भूमिका
१.१२ नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान र प्रमुख समस्याहरु
१.१३ कृषि वस्तुहरुको उत्पादनोपरान्त (Post-harvest)हुने क्षति र क्षति कम गर्ने उपायहरु
१.१४ प्राङ्गारिक कृषि उत्पादनका सिद्धान्तहरु
१.१५ कृषि तथ्याङ्क, अनुगमन एवं मूल्यांकनको महत्व
१.१६ कृषि क्षेत्रमा कर्जा र बाली बीमा सम्वन्धी व्यवस्था
१.१७ कृषि आधुनिकीकरण, व्यवसायीकरण, सघनीकरण र औद्योगीकरणवारे सामान्य जानकारी
१.१८ प्राकृतिक प्रकोप (बाढी, पहिरो, असिना, तुषारो, खडेरी), जलवायु परिवर्तन (तापक्रम र वर्षा) को असर तथाअनुकूलन र न्यूनीकरणका उपायहरु
१.१९ दिगो कृषि विकासका सिद्धान्तहरु बारे सामान्य जानकारी
१.२० संघीयतामा कृषि क्षेत्र एवं कृषि विकास कार्यक्रममा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुको भूमिका

२. बागवानी

२.१ बागवानी (हर्टिकल्चर) को परिभाषा र यसका शाखाहरु
२.२ नेपालमा बागवानी विकासको आवश्यकता र सम्भावना
२.३ फलफूल र तरकारी बालीहरु तथा मसलावाली र पुष्पखेती सम्वन्धी सामान्य जानकारी
२.४ नेपालको जलवायु क्षेत्र (Climatic zones)र मधेश प्रदेशमा गरिने फलफूल खेती सम्वन्धी सामान्य जानकारी
२.५ करेसावारी (Kitchen garden)को महत्व र स्थापना
२.६ बगैचा स्थापना : जग्गाको तयारी, बगैंचाको रेखाङ्कन, खाडल खन्ने, बोट लगाउने दूरी र तरिका, बार बन्देज तथावायु अवरोधक विरुवाहरु
२.७ तरकारी बालीको उत्पादन :
  २.७.१ आलु (Potato)
  २.७.२ काउली समूह (Cole crops)
  २.७.३ फल समूह (Fruit vegetables)
  २.७.४ जरे बाली समूह (Root crops)

२.७.५ गानो बाली समूह (Bulb crops)
२.७.६ फर्सी समूह (Cucurbits)
२.७.७ सागपात समूह (Leafy vegetables)
२.७.८ कोशे बाली समूह (Leguminous vegetables)

२.८ फलफूल बोटको प्रसारण
२.८.१ बीउबाट प्रसारण (Sexual propagation)
२.८.२ वानस्पतिक प्रसारण (Vegetative propagation): कटिङ्ग, लेयरिङ्ग, ग्राफ्टिङ्ग, बडिङ्ग

२.९ फलफूल, औधोगिक बाली तथा तरकारीको नर्सरी स्थापना र व्यवस्थापन
२.१० द्राक्षण बगैंचाको प्रबन्ध: माटोको प्रबन्ध, प्राङ्गारिक तथा रासायनिक मलको प्रयोग विधिहरु, सिंचाइ र निकास, अन्तरबाली, मल्चिङ्ग (छापो)
२.११ फलफूल बोटको तालीम र काँटछाँट (Training and pruning)को महत्व र तरिकाहरु
२.१२ फलफूल खेती प्रविधि: आँप, लिची, सुन्तला जात (Citrus), किवी, स्याउ, ओखर, नास्पाती, भूइँकटहर, अम्वा,मेवा, केरा र अंगुर
२.१३ बेमौसमी तरकारी उत्पादन
२.१४ तरकारी बीउ उत्पादन प्रविधि: काउली, मूला, गोलभेंडा, केराउ, फर्सी
२.१५ विउ आलु उत्पादन प्रविधि
२.१६ बागवानीजन्य बालीहरुको उत्पादनोपरान्त क्षति नियन्त्रण
२.१७ फलफूल, तरकारी, आलु तथा मसला बालीका प्रमुख जातहरु
२.१८ नेपालमा मसला खेती
२.१९ नेपालमा बागवानीजन्य उत्पादित वस्तुहरुको बजार व्यवस्था
२.२० सुन्तलामा ह्रास (Citrus decline)तथा समाधानका उपाय
२.२१ तरकारी बालीमा वर्णशंकर जातहरुको प्रयोग सम्वन्धी सामान्य जानकारी

३.कृषि प्रसार

३.१ कृषि प्रसार-परिचय, अवधारणा, सिद्धान्त, महत्व र विशेषताहरु
३.२ कृषि प्रसार कार्यकर्ता र निजमा हुनुपर्ने गुणहरु
३.३ नेपालमा सञ्चालन भएका विभिन्न कृषि प्रसार पद्धतिहरु
३.४ नेपालमा सञ्चालित विभिन्न कृषिप्रसार तरिकाहरु र तिनीहरुको सञ्चालन विधि
३.५ अगुवा कृषक तथा कृषक समूहको परिचय, महत्व एवं कृषि प्रसारमा अगुवा कृषक र हरित स्वयंसेवकको भूमिका
३.६ कृषक समूह र सहकारी गठन प्रकृया एवं प्रभावकारी परिचालन
३.७ कृषि प्रसारमा स्थानीय नेतृत्वको भूमिका
३.८ Innovation, diffusion and adopters' categories
३.९ कृषि सञ्चार र प्रविधि प्रसारणमा श्रव्यदृश्य सामग्री, मोवाइल एप्लिकेशन र किसान कल सेन्टर
३.१० कृषि तालिम र यसको महत्व तथा कृषक तालिममा आवश्यकता पहिचान
३.११ प्रभावकारी तालिम सञ्चालनका आधारहरु

४. बाली विज्ञान

४.१ बाली विज्ञानको परिभाषा र नेपालमा बाली विकासको महत्व
४.२ नेपालमा लगाइने खाद्यान्न, दलहन, तेलहन तथा औद्योगिक बालीहरुको वैज्ञानिक वर्गीकरण र नामाकरण
४.३ नेपालको विभिन्न आवहवाका लागि विगत पाँच वर्षमा सिफारीस गरिएका धान, मकै, गहुँ, ऊखु, जुट, मुसुरो, रतोरी बालीका जात र तिनीहरुको पाक्ने अवधि, सरदर उत्पादन क्षमता, सिफारीस क्षेत्र र मुख्य विशेषताहरु
४.४ बीउको परिभाषा, प्रमाणीकरण र यर्थाथ संकेतपत्र पद्धतीअनुसार बीउको पुस्ताहरुको नाम एवम् पुस्ता

जनाउनेट्यागको रङ्ग  गुणस्तरीय बीउ उत्पादन र उत्पादनोपरान्त गुणस्तर कायम राख्न अपनाउनुपर्ने विधिहरु

४.५ धान, मकै, गहुँ, उँखु, मुसुरो, र तोरी बालीहरुको उन्नत खेती प्रविधि

४.६ मधेश प्रदेशका विभिन्न क्षेत्रमा प्रचलित बालीचक्र सम्बन्धी जानकारी

५. बाली संरक्षण

५.१ नेपालका प्रमुख खाद्यान्न, नगदे, तरकारी एवं फलफूल बालीका प्रमुख रोग, किरा, मुसा एवं झारपातको नाम, पहिचान, नोक्सानी, लक्षण एवं रोकथाम प्रविधि

५.२ एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated pest management)परिचय,सिद्धान्त र महत्व, कृषक पाठशाला तरिकार भूमिका

५.३ कृषि विकासमा उत्पादनोपरान्तको रोगकिरा व्यवस्थापनको महत्व र यस क्षेत्रमा उपलब्ध प्रविधिहरु

५.४ बाली संरक्षण प्रयोगशाला निदान सेवाका लागि प्रयोग हुने सामान्य विधिहरु

५.५ रोग, किरा एवं झारपात तथा यिनको प्राकृतिक शत्रुहरु (मित्रजीव) जानकारी र उपयोगिता

५.६ मौरी पालन, रेशम किरा पालन तथा किम्बु खेतीको उन्नत प्रविधि

५.७ नेपालमा खेती गरिएका च्याउका प्रजाती र कन्ये, गोब्रे, दुधे र सिताके च्याउ खेती प्रविधि

५.८ रोग किरा व्यवस्थापनमा Plant quarantineको भूमिका

५.९ जीवनाशक विषादि ऐन, २०४८ र जीवनाशक विषादि नियमावली, २०५० का विशेषताहरु

५.१० नेपालमा प्रतिबन्ध गरिएका विषादिहरु, विषादिको सुरक्षित प्रयोग र विषादि अवशेष द्रुत विश्लेषणको सामान्य जानकारी

५.११ जैविक, वानस्पतिक तथा रासायनिक विधिबाट बाली संरक्षण

६. कृषि अर्थशास्त्र

६.१ कृषि अर्थशास्त्रको परिचय र कृषि विकासमा यसको महत्व

६.२ माग तथा आपूर्तिको परिचय र नियम

६.३ बजारमुखी कृषि उत्पादन योजनाको अवधारणा

६.४ कृषि विकासमा बजारको महत्व

६.५ फार्मगेट, थोक तथा खुद्रा मुल्यको अवधारणा

६.६ समूह बजार, हाट बजार, सहकारी बजारको परिचय, वर्तमान स्थिति र कृषि विकासमा यसको महत्व

६.७ खाद्य तथा पोषणसुरक्षाको अवधारणा

६.८ उत्पादन लागतको परिचय र तुलनात्मक लाभका बालीहरुको पहिचानमा यसको भूमिका

६.९ प्राथमिक तथ्यांक (Primary data)र सहायक तथ्यांक (Secondary data)को परिचय तथा श्रोतहरु एवं तथ्यांकसंकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु

६.१० क्रप कटिङ्ग र यसको महत्व

६.११ कृषि उद्यम (Agri-business)को परिचय र नेपालमा यसका सम्भावनाहरु

६.१२ कृषिवस्तुमा मूल्य श्रृखला विकासको परिचय तथा महत्व

७. माटो व्यवस्थापन

७.१ माटोको परिभाषा, माटो निर्माणको प्रक्रिया र नेपालको माटोवारे संक्षिप्त जानकारी

७.२ माटोका गुणहरु

७.२.१ भौतिक गुण - माटोको बनोट, बुनोट ,घनत्व, रंग, ,माटोका पानी धारण गर्ने क्षमता

७.२.२ रसायनिक गुण - माटोको प्रतिक्रिया(पि.एच.), प्रांगारिक पदार्थ र यसको महत्व, कार्बन, नाईट्रोजन अनुपात

७.२.३ जैविक गुण - राईजोबियम र एजोटोब्याक्टर

७.२.४ अम्लीय र क्षारीय माटोको सुधार किन र कसरी

७.३ बिरुवालाई आवश्यक निम्न खाद्यतत्वहरुको काम र यिनको कमी हुंदा देखिने लक्षण र रोकथामका उपायहरु

७.३.१ मुख्यतत्वहरु - नाईट्रोजन, फस्फोरस र पोटास

७.३.२ सहायक तत्वहरु - क्यात्सियम, म्याग्नेसियम र गन्धक

७.३.३ सूक्ष्मतत्वहरु - फलाम, तामा, जस्ता, म्याग्नेज, मोलिवडेनम, सुहाग (बोरोन) र क्लोरिन

७.४ मल र मलखाद

७.४.१ प्रांगारिक मलहरु (कम्पोष्ट मल, गोठेमल, भर्मिकम्पोष्ट, सूक्ष्म जैविक मल, कुखुराको मल, हरियो मल,बायोग्याँस लेदोको मल)

७.४.२ रसायनिक मलहरु (नाइट्रोजनयुक्त, फस्फोरसयुक्त, पोटासयुक्त, मिश्रित र यौगिक, सहायक खाद्यतत्वयुक्त,सूक्ष्मतत्वयुक्त)

७.४.३ मलको मात्रा निकाल्ने तरिका

७.४.४ मलको प्रकृति, प्रयोग समय र प्रयोग गर्ने तरिकाहरु

७.५ माटो जाँच सेवा:

७.५.१ माटोको नमूना लिने तरिका: किन, कहिले र कसरी

७.५.२ माटो जाँचको लागि माटोको तयारी

७.५.३ Kit boxबाट नाईट्रोजन, फस्फोरस, पोटास तथा पि.एच. पत्ता लगाउने तरिका

७.६ माटो शिविर र यसका महत्व, घुम्ती माटो परीक्षण प्रयोगशालाबाट माटो जाँच

७.७ माटोको उर्वराशक्ति कायम राख्ने र बाली उत्पादनमा यसको व्यवस्थापन र महत्व

७.८ भू-क्षय (Soil erosion)र यसको कारण, प्रकार तथा व्यवस्थापन

७.९ एकीकृत खाद्यतत्व व्यवस्थापन